# विश्वकप खेल्ने नेपाली क्रिकेट टोलीको बिदाइ



■ सौर्य समाचार

काठमाडौँ । आइसिसी टी-२० विश्वकपमा सहभागी हुने नेपाली राष्ट्रिय क्रिकेट टोलीको बिदाइ गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले शनिबार एक कार्यक्रम गरी नेपाली खेलाडी र प्रशिक्षकको बिदाइ गरेको हो । बिदाइ कार्यक्रममा नेपाली टोलीलाई क्यानका अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्कालगायत पदाधिकारीले सफलताको शुभकामना दिए । नेपाली टोली सोमबार श्रीलंका जाने कार्यक्रम छ । टी-२० विश्वकपको १०औँ संस्करण आगामी आगामी २५ माघदेखि २४ फागुन (७ फेब्रुअरीदेखि ८ मार्च, २०२६) सम्म भारत र श्रीलंकामा संयुक्त रूपमा आयोजना हुँदै छ । नेपाल रहेको समूह 'सी'मा समान २ पटकका विजेता इंग्ल्यान्ड, वेस्ट इन्डिजसँगै इटाली र बंगलादेश पनि समावेश छ ।

नेपालले भारतको मुम्बईमा आफ्ना समूह चरणका सबै खेल खेल्ने तय थियो । तर, बंगलादेशले विवादका कारण भारत भ्रमण नगर्ने बताइरहँदा नेपालको एउटा खेल भने अन्योलमा परेको छ । बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)ले अन्तर ष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) आफ्ना खेल श्रीलंकामा सार्न अनुरोध गरिरहेको छ । यसको छिनोफानो हुन बाँकी छ । यद्यपि, नेपालले २५ माघमा इंग्ल्यान्डविरुद्ध खेल्दै विश्वकपको सुरुआत गर्नेछ । नेपाली टोली समग्रमा तेस्रो र लगातार दोस्रोपटक टी-२० विश्वकप खेल्ने तयारीमा छ । नेपालले यसअघि सन् २०१४ मा पहिलो र सन् २०२४ मा दोस्रोपटक टी-२० विश्वकप खेलेको थियो । नेपाली टोलीले विश्वकपको तयारीका लागि श्रीलंका र भारतमा गएर अभ्यास गर्ने तय छ । नेपालले श्रीलंकामा त्यहाँको 'ए' टोली र भारतमा मुम्बई क्रिकेट एसोसिएनसनको टोलीसँग अभ्यास खेल खेल्नेछ । यसअघि नेपाली टोलीले रूपन्देहीको 'एक्स्ट्राटेक ओभल'मा अभ्यास गरेको थियो । नेपाली टोलीमा कप्तान रोहित पौडेलसहित उपकप्तान दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, सन्दीप जोरा, आरिफ शेख, बसिर अहमद, गुल्सन झा, ललित राजवंशी, शेर मल्ल र लोकेश बम रहेका छन् ।

राष्ट्रिय क्रिकेट टोलीका सहायक प्रशिक्षक ज्ञानेन्द्र मल्ल विश्वकपमा टोलीसँग नहुने भएका छन् । मल्लले गत साता नै क्यानलाई टोलीमा आफ्नो अनुपस्थितिबारे जानकारी दिएका थिए । फागुन २१ मा हुने निर्वाचनमा मल्लको नाम राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को समानुपातिक सूचीमा समावेश भएपछि लगत्तै उनले क्यानलाई आफू टोलीको प्रशिक्षणमा सहभागी हुन नसक्ने जानकारी दिएका हुन् ।

## महिला विश्वकप छनोटमा नेपाल थाइल्यान्डविरुद्ध भिड्दै

आजदेखि काठमाडौँमा आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट प्रतियोगिता हुँदै छ । प्रतियोगिताको पहिलो खेलमा आयोजक नेपालले थाइल्यान्डको सामना गर्दै छ । क्यानले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा नेपाली महिला क्रिकेट टोलीकी कप्तान इन्दु बर्माले घरेलु मैदानमा खेल्न पाउँदा टोली उत्साहित र आत्मविश्वासी रहेको बताइन् । उनले नेपालले १८ वर्षपछि यति ठुलो अवसर पाएको उल्लेख गर्दै ठुला टिमसँग खेल्न पाउनु आफूहरूका लागि सिकाइको महत्त्वपूर्ण अवसर भएको उल्लेख गरिन् । अभ्यास खेलमार्फत धेरै अनुभव हासिल गरेको र प्रतियोगितामा राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्त गरिन् ।

इन्दुले यो प्रतियोगिता नेपालले आयोजना गर्न लागेको हालसम्मकै ठुलो महिला क्रिकेट प्रतियोगिता भएको बताइन् । यस्तो अन्तर्राष्ट्रिय प्रतियोगिताले महिला क्रिकेटको विकासमा टर्निङ पोइन्टको काम गर्ने उनको भनाइ छ । उनले यसले आगामी पुस्ताका खेलाडीका लागि अवसर र प्लेटफर्म तयार गर्ने विश्वास व्यक्त गरिन् । क्यानका लागि पनि यो प्रतियोगिता महत्त्वपूर्ण अवसर भएको बताउँदै इन्दुले नेपालमा महिला क्रिकेटलाई थप मजबुत बनाउने दिशामा यो प्रतियोगिता कोसेढुंगा सावित हुने धारणा राखिन् ।

■ सूर्य नेपाल इस्टर्न ओपन

# प्रो–एमको उपाधि शुक्र र टिमलाई

■ सौर्य समाचार




धरान । सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको प्रो-एम उपाधि शुक्रबहादुर राईको टिमले जितेको छ । पार-७० धरान गल्फ क्लबमा शनिबार सम्पन्न प्रतियोगितामा शुक्रसहित एमेच्योर सोम गुरुङ, पूर्ण लिम्बू र आवास भट्टराई सम्मिलित टोलीले कुल १५८ अंक जोड्दै उपाधि हात पारेको हो । पूर्वनेपाल नम्बर वान प्रो शुक्रले ३७ अंक बनाए । उनले काउन्ट ब्याकमा सञ्जय लामालाई पछि पारे । एमेच्योरतर्फ सोमले सर्वाधिक ४२ अंक जोड्दा पूर्णले ४० र आवासले ३९ अंक जोडे । प्रो सञ्जय लामा तथा एमेच्योर लोकेन्द्र राई, दिवस तुलाधर रमानबहादुर लिम्बू सम्मिलित टोली १५० अंकसहित दोस्रो बन्यो । सञ्जय र मनबहादुरले समान ३७ अंक जोडे भने लोकेन्द र दिवसले समान ३८ अंक प्राप्त गरे ।

प्रो बलभद्र राई तथा एमेच्योर मेजर जनरल नकुलबहादुर रायमाझी, सिद्धान्त सापकोटा र वसन्त राईको टोली १४६ अंकसहित तेस्रो स्थानमा रह्यो । स्थानीय अनुभवी प्रो बलभद्र र एमेच्योर वसन्तले समान ३६ अंक जोडे भने नकुल र सिद्धान्तले ३७-३७ अंक बनाए । महिलातर्फ बिना सापकोटाले ३० अंकसहित महिलातर्फ उत्कृष्ट व्यक्तिगत स्कोरको पुरस्कार जित्न सफल रहिन् । यस्तै मेजर जनरल नकुलबहादुर रायमाझीले लंगेस्ट ड्राइभ र उज्ज्वल राईले क्लोजेस्टटु द पिनको उपाधि जिते । स्टेबलफोर्ड फुल ह्यान्डिक्याप फर्म्याटमा खेलाइएको प्रतियोगितामा १५ प्रो र ५५ एमेच्योर गरी कुल ७० गल्फरले सहभागिता जनाएका थिए । नेपाल गल्फ संघका उपाध्यक्ष तिलक राई र कोशी प्रदेश गल्फसंघका अध्यक्ष सुयश प्याकुरेलले विजयी खेलाडीहरूलाई पुरस्कार प्रदान गरे ।

यसअघि शुक्रबार सम्पन्न सूर्य नेपाल इस्टर्न ओपनको प्रतिस्पर्धामा नेपाल नम्बर वान प्रो निरज तामाङले कुल १५-अन्डर १२५ स्कोरसहित उपाधि जितेका थिए । एमेच्योर राहुल विश्वकर्मा ९-अन्डर १३१ स्कोरसहित दोस्रो भए । बलभद्र राई ६-अन्डर २०४ स्कोरसहित तेस्रो स्थानमा रहे । दिनेश प्रजापतिले २०७ स्कोरसहित चौथो स्थान हासिल गर्दा टंकबहादुर कार्की र भुवन नगरकोटीले पाँचौँ स्थान बाँडे । प्रतियोगिताको कुल नगद पुरस्कार राशि १० लाख ५० हजार रुपैयाँ रहेको थियो ।

# गोल्डेनपिक, इबिए र रिब्सलाई केएमसी बास्केटबल उपाधि

■ सौर्य समाचार

काठमाडौँ । गोल्डेनपिक, इडेन ब्रिज एकेडेमी (इबिए) र डिफेन्डिङ च्याम्पियन रिब्सले पाँचौँ केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन् । गोल्डेनपिक सिनियर ब्वाइज, इबिए जुनियर ब्वाइज र रिब्स सिनियर गर्ल्समा च्याम्पियन बने । गोल्डेनपिक र इबिए अपराजित रहँदै च्याम्पियन बने भने रिब्स समूह चरणमा १ खेलमा पराजित भएको थियो । गोल्डेनपिकले पहिलो संस्करणपछि पहिलोपटक सहभागिता जनाएको हो । इबिए पहिलो सहभागितामै च्याम्पियन बन्न सफल भयो । बुद्धनगरस्थित आयोजक केएमसीमा भएको सिनियर ब्वाइजको फाइनलमा गोल्डेनपिकले बाल दीक्षा सदनलाई ४८-४५ को झिनो अन्तरले पराजित गर्‍यो । गोल्डेनपिकका विजय तामाङले २१ अंक जोडे ।

जुनियर ब्वाइजको फाइनलमा इबिएले ग्रिनफिल्डलाई ४१-२१ ले हरायो । इबिएका दिग्विजय पुरीले ११ स्कोर गरे । सिनियर गर्ल्सको उपाधि भिडन्तमा रिब्सले चेल्सी वर्ल्ड स्कुललाई २५-२१ ले पाखा लगाउँदै उपाधि रक्षा गर्‍यो ।




रिब्सकी सुप्रिया मल्लले ११ अंक जोडिन् । उपाधिसँगै रिब्सले चेल्सीसँग समूह चरणमा बेहोरेका हारको बदला पनि लियो । फाइनलका सर्वाधिक स्कोरकर्तात्रय विजय, दिग्विजय र सुप्रिया आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । सिनियर ब्वाइजमा नेपाल सेन्ट्रल, सिनियर गर्ल्समा मानाङ्क चिल्ड्रेन र जुनियर ब्वाइजमा गोल्डेन फ्लावरले 'स्पिरिट अफ केएमसी बास्केटबल अवार्ड' हात पारे ।

विजेतालाई बाग्मती प्रदेशीकी युवा तथा खेलकुदमन्त्री उर्मिला नेपाल, प्याब्सनका केन्द्रीय उपाध्यक्ष किशोर गौतम, केएमसीका कार्यकारी निर्देशक डा.ध्रुव भट्टराई, निर्देशक एसोसिएट प्रोफेसर डा.मनोजकुमार थापा र प्रिन्सिपल द्वारिकानाथ अम्गाईंले एक कार्यक्रमबीच पुरस्कृत गरे । २७ पुसदेखि सुरु भएको प्रतियोगिताको सिनियर/जुनियर ब्वाइजमा समान १२-१२ तथा गर्ल्समा ८ टिम सहभागी थिए ।


**Aathrai trbeni Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Hangpang, Taplejung**
**Koshi Province, Nepal**

**Notice Of Intention To Accept Bids**

**(Date Of Publication:2082/10/04)**

Pursuant To Clause 27,Sub Clause 2 and 3 of Public Procurement Act-2063 and ITB Clause 39 Of Bidding Document,all the concerned bidders,who has participated in the bidding as per Noticed Published On "Saurya Rastriya Dainik" newspaper on 2082/09/13,are Notified that it is our Intention to Accept the bids for the Contract Pacakages as Provided In the Table Below.

| S.NO. | Contract Identification No. | Qualified Bidder | Bid Amount With VAT and PS (NRS) |
|---|---|---|---|
| 1. | ATRM/SQ/ BD/02/082/83 | Handrix Construction And Suppliers Pvt. Ltd. Phidim Municipality-1 Panchthar | 16,64,867.79/- |

Chief Administrative Officer


कला

# डल्बी एटमस स्टुडियो सञ्चालनमा

■ सौर्य समाचार

काठमाडौँ । नेपाली फिल्म र संगीतको प्राविधिक गुणस्तरलाई विश्वस्तरीय बनाउन म्युजिक नेपालले नेपालमै पहिलोपटक डल्बी एट्मसद्वारा मान्यताप्राप्त पोस्ट-प्रोडक्सन स्टुडियो सञ्चालनमा ल्याएको छ । ४ दशकदेखि नेपाली संगीतमा सक्रिय कम्पनीले करिब १० करोड रुपैयाँको लगानीमा गौशालास्थित पिंगलास्थानमा स्टुडियो निर्माण गरेको हो । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, म्युजिक नेपालका प्रमुख सन्तोष शर्माले गत शुक्रबार म्युजिक नेपाल अडियो भिजुअलको औपचारिक शुभारम्भ गरे ।




शनिबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको यो स्टुडियो दक्षिण एसियामा भारतपछि डल्बीले विस्तार गरेको पहिलो ठुलो परियोजना हो । डल्बीबाट सर्टिफाइड म्युजिक नेपालको यो स्टुडियो दक्षिण एसियामा रहेका सीमित १० वटा स्टुडियोमध्ये एक हो । नेपालमा भने पहिलो डल्बी एटमस साउन्ड मिक्सिङ स्टुडियो हो ।

स्टुडियोमा ३२.१ डल्बी एट्मस कन्फिगरेसन छ । यसले सिस्टममा प्रयोग भएको स्पिकर च्यानलको संख्या जनाउँछ । साधारणतया ५.१ वा ७.१ साउन्ड सिस्टममा आवाज वरिपरिबाट मात्र आउँछ भने ३२.१ डल्बी एट्मस प्रविधिले दर्शकलाई आवाजको बीचमा भएको महसुस गराउँछ । यसमा ३२ वटा विभिन्न च्यानल र शक्तिशाली सब-वूफरमार्फत ध्वनिलाई थ्री-डी प्रभाव दिइन्छ ।

स्टुडियोको सेटअपका लागि बलिउडका साउन्ड इन्जिनियर दमन सुद, डल्बी भारतका निर्देशक समीर सेठ र इन्जिनियर भरत रेड्डी काठमाडौँ आएका थिए । सुदले यश चोपडा, करण जोहर र सञ्जयलीला भन्सालीका फिल्ममा ध्वनि भरेका छन् । 'यो स्टुडियो उपकरणको थुप्रो मात्र होइन, यो फ्युचरिस्टिक छ । अबको १० वर्षलाई लक्षित गरी बनाइएको यो स्टुडियोले नेपाली फिल्मलाई अस्कर र संगीतलाई ग्रामी अवार्डसम्म पुर्‍याउने क्षमता राख्छ', उनले भने ।

स्टुडियोमा नेपाली मौलिकपन दिन सगरमाथा, मनास्लु, अन्नपूर्ण र ल्होत्से, धवलागिरी र डाँफे कक्ष राखिएको छ । म्युजिक नेपालका प्रमुख सन्तोष शर्माले स्टुडियो बुकिङ गर्ने पहिलो ३ ग्राहकलाई ५० प्रतिशत छुट, ३१ जनवरीसम्म सेवा लिने सबैलाई २५ प्रतिशत छुटको व्यवस्था गरिएको बताए । स्टुडियोमा सम्पादन, डिआई, रेकर्डिङ स्टुडियो, प्रि-मिक्सका कार्य हुनेछन् । इन्जिनियर भरतले विकास बोर्डसँगको सहकार्यमा नेपालका २० जना साउन्ड इन्जिनियरहरूलाई विशेष तालिम दिइसकेका छन् ।

# ४५ दिनमा सकियो हन्टर

काठमाडौँ । एक्सन ड्रामा जनराको फिल्म 'हन्टर'को छायांकन पूरा भएको छ । पश्चिम नेपालका विभिन्न स्थानमा खिचिएको फिल्मको छायांकन ४५ दिनमा पूरा भएको हो । फिल्ममा जीवन सिंहको डेब्यू निर्देशन छ ।

क्याच कक इन्टरटेनमेन्ट प्रालिको प्रस्तुतिमा निर्माण भएको फिल्मको लेखक र सम्पादक पनि निर्देशक स्वयं हुन् । फिल्मले सुदूरपश्चिमको कथा भन्नेछ । निर्देशक सिंहले फिल्म एक्सन इन्टरटेनर हुने बताए ।

फिल्ममा अरुण क्षेत्री, प्रकाश शाह, गरिमा शर्मा, सरोज खनाल, रुजा राउत, सुप्रज्ञा शर्मा, रमेश बुढाथोकी, सुशील पोखरेल, रोशनी दाहाल, सोनी लगुन, गीता अधिकारीको अभिनय छ । फिल्ममा कृष्ण थापाको डिओपी, शुक्रराज साहको एक्सन, विक्रम स्वाँर र सञ्जय खिमजिमको कोरियोग्राफी तथा बाबुल गिरीको संगीत छ । फिल्मका कार्यकारी निर्माता रोयल भीमसेन हुन् । ममता सिंह, गोविन्दराज रोक्का र राज ए भट्ट निर्माता रहेको फिल्ममा मनिष चन्द सह-निर्माता छन् । (सौस)


**Kamalbazar Municipality**
**Office of the Municipal Executive**
**kamalbazar, Achham**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2082/10/04**

1. Kamalbazar Municipality, Achham invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of works under National Competitive Bidding procedures. The estimated amount for the w works given in table

| S no. | Contract Identification Number/Work Description | Estimated Amount With vat & Contingencies (Nrs) | Bid Validity Period | Bid Security Amount (Nrs) | Cost Of Bid Document Nrs. (Non Refundable) |
|---|---|---|---|---|---|
| 1 | KBM/ACHHAM/CoGSSPP/NCB/W/04/082-083 Construction Of Ganeshman Singh Smirtik Park And Padmarg | Rs. 70,67,940.46 | 90 days from the date of bid opening. | Rs. 1,51,000 | Rs. 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kamalbazar Municipality Office ,Achham or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Prabhu Bank.Kamalbazar,Achham Name of Office: Office of Kamalbazar Municipality,Achham,Account no.: 1300133395900051
4. Account Number for Bid Security Deposit: Prabhu Bank Kamalbazar Branch, Achham Account Number: 1300133395900051 Name of Office:- Kamalbazar Municipality Kamalbazar,Achham Or Bank Guarantee Issued by Commercial Bank in the Name of Kamalbazar Municipality, Office of Municipal Executive Kamalbazar,Achham (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly).
5. Pre bid meeting shall be held at Kamalbazar,Municipality,Kamalbazar,Achham at 11:00 Hrs. on (2082.10.28).
6. Electronic bids must be submitted to Kamalbazar Municipality Office Kamalbazar,Achham through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 Noon. on 2082.11.05
7. Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs. on 2082.11.05.(at Kamalbazar Municipality Office Kamalbazar,Achham.. Bids must be valid for a period of 90 day after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act 2063 and public procurement regulations 2064 and other prevailing rules and regulations of Nepal.
11. Any Amendment on this notice shall be posted on office information board followed by notice on office website https://kamalbazarmun.gov.np/

***Chief Administrative Officer***
***Kamalbazar,Municipality***


**सृजना इन्टरनेशनल मिडिया प्रा.लि.**द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौँ, फोन: ०१४५२०१९५, पो.ब.नं.: १०३७८, इमेल: info@souryadaily.com, **मुद्रण**: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, **निर्देशक** : वसन्तनाथ पन्त, **प्रधान सम्पादक**: बोधराज त्रिपाठी